**नेपाली** / ***NEPALI***

**जुलाई ६ तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट**

क्याम्पस खुला रहेको छ र शीतल बनाउने समस्याको मर्मत जारी छ

आदरणीय क्याम्पस समुदाय,

हामी क्याम्पसमा शीतल बनाउने समस्याहरू समाधान गर्ने क्रममा तपाईंहरूले प्रदान गर्नुभएको सहकार्य तथा सहायताका लागि धन्यवाद। फुटेको शीतल बनाउने पाइपको मूल्याङ्कन गरेर मर्मत गर्न टोलीहरू लागिपरेका छन्। यो विशाल र जटिल समस्या प्रति *Facilities Planning & Management* को अथक कामको लागि मा आभार व्यक्त गर्न चाहन्छु।

**हामीले असरहरू कम गर्ने क्रममा** आगामी हप्ताका लागि हामीले जुन २८ तारिखमा साझा गरेका मार्गदर्शनहरू **अझै लागू छन्**।

- **क्याम्पस खुला छ र चलिरहेको छ।** बिरामी स्याहार अनि एकदमै महत्त्वपूर्ण अनुसन्धान गर्ने ठाउँहरू जस्ता प्राथमिक क्षेत्रहरूलाई शीतल बनाइएको छ। अरू धेरै भवनहरूलाई शीतल बनाइएको छ तर तापक्रम र ओस सामान्यतया भन्दा बढी हुन सक्छ।
- **अस्थायी रूपमा बन्द गरिएका भवनहरूलाई मर्मत सम्भार पूरा नभएसम्म बन्द रहने अपेक्षा राखिएको छ।** कृपया अस्थायी रूपमा बन्द गरिएका ठाउँहरूमा तबसम्म काम नगर्नुहोला जबसम्म तपाईंले थप सन्देश पाउनुभएको छैन वा तपाईंले आफ्नो डीन वा उपकुलपतिको स्वीकृति पाउनुभएको छैन। यस समयमा हामीले मर्मत सम्भारलाई अझै केही हप्ता लाग्ने अनुमान गरेका छौं।
- *Facilities Planning & Management* ले अस्थायी रूपमा बन्द गरिएका भवनहरूमा अग्रसर तरिकाले निरीक्षण गर्दै छन्। **यदि तपाईंले बन्द गरिएका भवन वा क्षेत्रमा मर्मत गर्नुपर्ने वा कस्टोडियलको आवश्यकता पत्ता लगाउनुभयो भने, कृपया आफ्नो** भवनका म्यानेजरसँग **मिलेर काम गर्नुहोला। आपत्कालीन अवस्थामा कृपया *FP&M Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला।**
- **क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा धेरै सोधिएका प्रश्नहरूको वेबसाईटमा** हामीले नयाँ स्रोतसाधन र मार्गदर्शनहरू थपिरहेका छौं। यदि तपाईंसँग सम्बोधन नभएका प्रश्नहरू छन् वा विशेष अवस्थाका लागि सहायताको आवश्यकता छ भने, कृपया ChilledWaterConcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

हामीले अपडेटहरू पाउने बित्तिकै थप जानकारी प्रदान गर्न जारी राख्नेछौं। हामीले बुझेका छौं कि यो एक चुनौतीपूर्ण र बाधा पुऱ्याउने घटना हो, विशेष गरि गर्मीयामको उच्च तापक्रम र ओसहरू झेल्ने क्रममा।
*Student Affairs*, हाम्रा स्कूल र कलेज, अनुसन्धानकर्ता र प्रतिक्रियाको प्रयासमा अथक काम गर्नुहुने कैयौँ टोलीहरूलाई धन्यवाद।

अनि *UW–Madison* को सम्पूर्ण समुदायहरूलाई, तपाईंको सहायता र समझदारीका लागि फेरि पनि धन्यवाद।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति